२०८१।११।१२ को नगर कार्यपालिकाको निर्णयानुसार
प्रमाणित

# स्थानीय राजपत्र

मिर्चैया नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ३ असार ८ गते २०८२ साल

भाग-२

मिर्चैया नगरपालिका

सूचना न.-३

## वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन कार्यविधि,२०८१

**प्रस्तावना**

स्वदेश आगमन संगै वैदेशिक रोजगारीबाट फिर्ता आएकाहरु व्यक्तिहरु तथा उनीहरुको परिवारको सदस्यहरुलाई आधारभूत आवश्यकताहरु जस्तैः गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य-शारीरिक र मानसिक, मनोवैज्ञानिक तथा मनोसामाजिक सहित विभिन्न समस्याहरु जस्तैः कानुनी सहयोग, उद्दार, जोखिम, हिंसा, भेदभाव र लान्छनाहरु बाट संरक्षण र उचित सम्बोधन गर्दे वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्की आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा सहायताको लागि नेपालको संबिधान २०७२ को भाग-३ अन्तर्गत मौलिक हकलाई सुनिस्चित गर्न मिर्चैया नगरकार्यपालिकाले मिति २०८१/११/१२ गतेको निर्णय बाट मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०८० को दफा ४ बमोजिम वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन कार्यविधि,२०८१ स्वीकृत गरि लागु गरेको छ

भाग- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको "नाम वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन कार्यविधि,२०८१ " रहेको छ ।

(२) यो कार्यविधि मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछी लागू हुनेछ ।

(३) यो कार्यविधि मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. परिभाषाः

क. "कार्यविधि" भन्नाले वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन कार्यविधि,२०८१ लाई जनाउँछ ।

ख. "आप्रवासी" भन्नाले वैदेशिक रोजगारीमा गएका व्यक्ति वा समूहलाई जनाउँछ ।



CamScanner

ग. "वैदेशिक रोजगारीबाट फिर्ता आएको व्यक्ति" भन्नाले श्रम गर्न भारत लगायत विदेश खास गरि कतार, मलेशियामा, यु.ए.ई., साउदी अरेबिया, ओमान, बहराईन र कुवेत (खाडी मुलुक) गई फिर्ता आएको व्यक्तिहरुलाई सम्झनु पर्छ ।

घ. "परिवार" भन्नाले वैदेशिक रोजगारीमा गएका, वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार आफैले पालन पोषण गर्नु पर्ने पति वा पत्नी, छोरा, छोरी वा आमाबाबु तथा सासु ससुरा समेतलाई जनाउँछ।

ङ. "आर्थिक सहायता" भन्नाले वैदेशिक रोजगारीमा गएका तथा फर्केका व्यक्ति एवं तिनका परिवार, स्वास्थ्य एवं आर्थिक सामाजिक समस्यामा पर्दा आपतकालीन कोषबाट प्रदान गरिने रकमलाई सम्भनु पर्छ ।

च. "समिति" भन्नाले यस कार्यविधिको दफा ४(२) बमोजिम कोष व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

छ. "उप समिति" भन्नाले यस कार्यविधिको दफा ९(१) बमोजिमको उपसमितिलाई सम्झनु पर्दछ ।

ज. "अध्यक्ष" भन्नाले समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

झ. "संयोजक" भन्नाले उप समितिका संयोजकलाई सम्झनु पर्दछ ।

ञ. "सदस्य" भन्नाले दफा ४(२) र दफा ९(१) बमोजिमको समिति र उप समितिका सदस्यहरुलाई सम्झनु पर्दछ।

ट. "कार्यालय" भन्नाले स्थानीय तहको कार्यालय वा स्थानीय तहले तोकेको कार्यालयलाई बुझाउँछ ।

ठ. "स्थानीय तह" भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनु पर्छ।

## भाग:-२

## लाभान्वित वर्ग

३. लाभन्वित वर्ग : -वैदेशिक रोजगारमा गएका वा गएर फर्केका तथा दफा २ को खण्ड "ख, ग, घ" बमोजिमका परिवार यस कोषको लाभन्वित वर्ग हुनेछन् ।

## भाग:-३

## आपतकालिन कोष स्थापना, सञ्चालन तथा व्यवस्थापनः

४. कोष स्थापना, सञ्चालन तथा व्यवस्थापनः (१) वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्कि आएका कामदार तथा नीजको परिवारको सामाजिक सुरक्षा र कल्याणको लागि नगर कार्यपालिकाको निर्णय अनुसार पालिकाको मातहत हरने गरी एक आपतकालिन कोषको स्थापना गरिनेछ ।

(२) नगर प्रमुखको अध्यक्षतामा निम्न बमोजिमको ९ सदस्यीय कोष व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| नगर प्रमुख | -अध्यक्ष |
| नगर उप-प्रमुख | -सदस्य |
| सदस्य- प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| आर्थिक विकास समिति संयोजक | -सदस्य |
| सामाजिक विकास शाखा अधिकृत | -सदस्य |
| सामाजिक विकास समिति संयोजक | -सदस्य |
| नगर आप्रवासी श्रमिक संजाल अध्यक्ष वा निजले | |

तोकेको व्यक्ति -सदस्य

नगरपालिकाको रेमि परियोजना/कार्यक्रम का

परिवार परामर्शकर्ता -सदस्य-सचिव

(३) उक्त स्समितिमा आवश्यकता अनुसार तथा विषयको गम्भीरतालाई मध्यनजर गरी स्थानीय प्रहरी / प्रशासन, परियोजना संबन्धित व्यक्ति तथा विशेषज्ञ संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

५.आपतकालीन कोषमा देहाय बमेजिमको रकम जम्मा गरिनेछः

(क)सम्भाव्य आप्रवासी तथा आप्रवासी कामदारहरुले देश, विदेशबाटसहयोग स्वरुप प्रदान गर्ने रकम तथा कल्याणको लागि जम्मा गर्ने रकम,

(ख) नेपाल सरकार तथा विषयगत निकायहरुबाट वार्षिक कार्यक्रम मार्फत उपलब्ध गराउने रकम,

(ग) दातृ पक्षबाट उपलब्ध गराइएको रकम,

(घ) नगरपालिकाले विनियोजन गरेको रकम,

(ङ) सामुदायिक संघ संस्था तथा निजि क्षेत्रबाट प्राप्त भएको रकम,

(च) स्वदेशी वा विदेशी व्यक्ति वा निकायबाट प्राप्त अनुदान तथा सहयोग रकम,

(छ) वैदेशिक रोजगारमा गएका व्यक्ति तथा निजको परिवार सदस्य, वैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति, जान लागेको व्यक्ति लगायत इच्छुक व्यक्तिहरुले स्वेच्छिकरूपमा सहयोगस्वरूप प्रदान गरेको रकम र

(ज) अन्यश्रोत बाट प्राप्त रकमहरु ।

## भागः-४

## कोषको प्रयोग तथा संचालनः-

### कोषको प्रयोगः

६. कोषको प्रयोग (१) वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोषको प्रयोग देहायको प्रयोजनका लागि खर्च गरिनेछः-

(क) कामदारको अङ्ग-भङ्ग भई, दीर्घरोगी भएका वा मृत्युका कारणबाट वा अन्य कारणबाट आर्थिक र सामाजिक लागतमा ह्रास भएको कामदार वा नीजको परिवारलाई तत्काल राहतका लागि सहयोग प्रदान गर्ने,

(ख) वैदेशिक रोजगारीको क्रममा ५ वर्ष वा सो भन्दा बढि सम्पर्क विहिन भएका वा मृत्यु भएका व्यक्ति र अङ्ग-भङ्ग भई, आर्थिक अभावका कारण बच्चाहरु विद्यालय जान नसक्ने अवस्था भएका कामदारको सन्ततीलाई शैक्षिक निरन्तरताका लागि शिक्षामा सहयाता प्रदान गर्ने,

(ग) वैदेशिक रोजगारीको क्रममा वा त्यसको कारण मृत्यु भएको कामदारको अन्त्येष्टी वा दाह संस्कार गराउन तत्काल सहयोग गर्ने,

(घ) वैदेशिक रोजगारीको क्रममा अलपत्र परी आर्थिक अभावका कारण समस्यामा परेको व्यक्तिलाई स्वदेश फर्काउन,

(ङ) वैदेशिक रोजगारीबाट फर्केको आएको व्यक्ति तथा तिनका परिवारहरुलाई आवश्यक तत्काल उद्धार, खाद्य व्यवस्था, लत्ता कपडा, पुनर्स्थापना केन्द्र वा safe house सम्म यातायात सुविधा, स्वास्थ्य (शारीरिक तथा मानसिक), मनोवैज्ञानिक र मनोसामाजिक परामर्श, उपचार र औषधि खर्च सम्बोधन गर्न प्रदान गरिनेछ ।



CamScanner

(२) माथि उल्लेखित बुँदाहरूले परिभाषित गरको (समेट्ने) व्यक्ति तथा लाभग्राहीहरुलाई घटनाको प्रकृति अनुसार समितिको निर्णयानुसार बढीमा रू १ लाख सम्म मात्र आर्थिक सहायता प्रदान गर्न सकिनेछ।

७.कोषको सञ्चालनः कोषको संचालन देहाय बमोजिम हुनेछः-

(क) दफा ४(२) बमोजिम गठन भएको कोष ब्यबस्थापन समितिले कोषको सञ्चालन गर्नेछ ।

(ख) कोषको सञ्चालन तथा व्यवस्थापन गर्दा वैदेशिक रोजगारीमा देखिएको समस्याहरु जस्तैः मृतक परिवारलाई अन्त्येष्टिका लागि दिईने खर्च रकम, वैदिशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति र आप्रवासीकामदारका वालवालिकाहरुका लागि शिक्षा, वैदिशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति र आप्रवासी कामदारमा परिवारका लागि स्वास्थ उपचार एंव मनोसामाजिक उपचार आदि जस्ता खर्च शिर्षकहरुको व्यवस्थापनको लागि कोषको परिचालन गरिनेछ।

(ग) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको संयुक्त दस्तखतवाट सञ्चालन गरिनेछ ।

(घ) कोषको आन्तरीक लेखा परिक्षण प्रचलित कानून बमोजिम र अन्तिम लेखा परिक्षण महालेखा परीक्षकको कार्यलयबाट हुनेछ ।

भागः-५

कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः

८.कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः (१)वैदेशिक रोजगारीमा गएका वा फर्केका व्यक्ति वा निजका परिवारका लागि सहयोग गर्न कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमेजिम हुनेछः

(क)कोषमा प्राप्त हुन आएको रकमलाई समयमै जम्मा गरी सोको अभिलेख राख्ने,

(ख)कोपमा रहेको रकम स्विकृत कार्यविधि अनुसार खर्च तथा व्यवस्थापन गर्ने,

(ग) कोषको वार्षिक रुपमा लेखा परिक्षण गर्ने व्यवस्था मिलाउने र वित्तिय विवरण सहितको लेखा परिक्षण प्रतिवेदन सम्वद्ध निकाय र दातृ निकायलाई लेखा परिक्षण समाप्त भएको एक महिना भित्र पठाउने,

(घ) कोषको रकम खर्च गर्दा पारदर्शिता कायम गर्ने,

(ङ) कोषको दुरुपयोग हुन नदिने,

(च) कोषको वार्षिका योजना तर्जुमा र कार्यान्वयन गर्ने र कोषको पूर्ण उपयोगको (value of money) सुनिश्चितता गर्ने,

(छ) कोषको नियमित प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरुमा पठाउने,

(ज) लेखा परिक्षणवाट औल्याइएका कैफियत तथा वेरुजुहरुलाई १५ दिन भित्र फछ्यौंट गराउन व्यवस्था मिलाउने । यसरी लेखा परिक्षण गर्दा असुल उपर गर्न देखिएको रकमका हकमा नियम अनुसार असुल उपर गराउने,

(२) कोषको लेखा नेपाल सरकारको लेखा प्रणालीमा आधारीत रहेर प्रचलित कानून अनुसार राख्न लगाउने ।

भाग-६

अन्य

**९. उप-समितिको गठन** (१) कोषलाई व्यवस्थित, प्रभावकारी र पारदर्शि बनाउन र कोषको समितिले गरेको निर्यण कार्यन्वयन गर्न कोष व्यवस्थापन समितिको अध्यक्ष ज्युले तल उल्लेख भए बमोजिमका तीन सदस्यहरुको उप-समिति गठन हुने छ :

क. संयोजक :- परिवार परामर्शकर्ता

ख. सदस्य :- नगर आप्रवासी संजालको अध्यक्ष वा सदस्य

ग. सदस्य :- अध्यक्ष ज्युले तोकेको रेमि शाखाका एक जना सामाजिक परिचालक

**१०.अनुगमन र जाँचबुझ सम्बन्धिको व्यवस्थाः** (१) यो कार्यविधिमा उल्लेखित व्यवस्था अनुसार भए-नभएको वा कुनै किसिमको अपार्दशिता देखिएको सम्बन्धमा कानूनले तोकेको स्थानीय परियोजना समन्वय समितिले अनुगमन गर्ने सक्नेछन् ।

(२) कुनै पनि किसिमको शंकास्पद काम भएमा वा भएको लागेमा वा दुरुपयोग भएमा विशेष अनुगमन समितिले हरेक दस्तावेजहरुको जाचबुभ गर्न सक्नेछन ।

(३) त्यसरी जाँचबुभ गर्दा कसुर ठहरिएका व्यक्ति वा समुह माथि नेपालको प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ ।

(४) आर्थिक सहायता माग गर्ने प्रकृया, निवदेनको ढाँचा, आवश्यक कागजातहरू सम्बन्धि व्यवस्था थप गर्नु पर्नेछ।

**११.आर्थिक सहायता माग गर्ने प्रकृयाः** (१) कार्यविधि बमोजिम आर्थिक सहायता माग गर्नका लागि रेमि परियोजनाबाट सूचना प्रकासित गर्ने छ ।

(२) यस कार्यविधि बमोजिम कोषबांट आर्थिक सहयोग चाहने व्यक्तिले अनुसूची-१ बमोजिम निवेदन सहित वैदेशिक रोजगारी संग सेम्बन्धित प्रमाणहरु संलग्न गरि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको रेमी परियोजना/कार्यक्रम शाखामा पेश गर्नु पर्ने छ ।

(३) अनुसूची-१ बमोजिम निवेदन, वडाको सिफारिस र वैदेशिक रोजगारिमा गएको प्रमाणित हुने कागजात वा सिफारिसको आधारमा आपतकालिन कोष व्यवस्थापन समितिले सेवाग्राहिको अवस्था हेरी आवस्यकता अनुरुप आर्थिक सहायत्राका दिइनेछ ।

**१२.कार्यविधिमा संशोधनः** यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**१३.बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१४.संघीय तथा प्रदेश कानुनसँग बाझिएमा :** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान प्रदेश वा संघीय कानुनमा भएको व्यवस्थासँग बाझिएमा प्रदेश वा संघीय कानुन वमोजिम हुनेछ

## अनुसूची-१

**(कार्यविधिको दफा ११(२) संग सम्बन्धित )**

**कोषबाट आर्थिक सहयोग चाहने व्यक्तिले दिने निवेदनको ढांचा**

मिर्चैया नगरपालिका,मिर्चैया सिरहा, मधेश प्रदेश

श्री मिर्चैया नगरकार्यपालिकाको कार्यालय

मिर्चैया सिरहा ।

"म वैदेशिक रोजगारीमा रहेको/बाट फर्केको"/"तिनका परिवारको सदस्य हुँ। मैले आपतकालिन राहत कोषबाट सहयोग पाउनका लागि यो निवेदन पेश गरेको छु।

**व्यक्तिगत विवरण**

१. नामः .................................................. लिङ्ग : म.☐ /पु.☐ /अन्य ☐

२. वर्ग : दलित( ), जनजाती( ), मधेशी( ),मुस्लिम( ), ब्राह्मण/क्षेत्री( ),अन्य( ),अपाङ्ग( )

३. जन्म मिति : ..........................................

४. नागरीकता प्रमाण पत्र नं. जारी जिल्लाः जारी मितिः

५. वैदेशिक रोजगारीमा रहेको वा फर्केका व्यक्तीको पासपोर्ट नं. : जारी मितिः

६. अन्तिम पटक वैदेशिक रोजगारीमा रहेको देशको नाम :

७. सहयोगको प्रकार :

८. सहयोग चाहिएको कारण :

९. माग गरिएको सहयोग रकम :

१०.ठेगानाः

(क.) स्थायी : प्रदेशः जिल्लाः

न.पा./गा.पा.: ..............................................वडा नं. ................... टोलः.....................

सम्पर्क नं: .................................................

अस्थायीः प्रदेशः ......................................... वडा नं. ................... टोलः.....................

सम्पर्क नं: .................................................

आमाको नामः ..............................................................

बुवाको नाम : ..............................................................

११.विवाहित भए पति/पत्नीको नाम : ......................................................

१२.वैदेशिक रोजगारीमा रहेको वा फर्केको व्यक्ति संगको नाता : ......................................

यस कार्यालयबाट संचालनमा रहेको रेमी परियोजना/कार्यक्रम बाट सामाजिक पुनःएकीकरणका लागि संचालित आपतकालीन राहतकोषबाट सहयोगको लागि यो निवेदन पेश गरेको छु। माथि उल्लेखित विवरणहरु साँचो हो। झुट्टा ठहरिए कानुन बमोजिम सहुँला, बुझाउँला भनि मन्जुर छु।

निवेदकको छाप/हस्ताक्षर : .................................

दायाँ बायाँ

आज्ञाले,

विष्णु रंजन बराल

प्रमुख प्रशासकीय अधिकृत